बैठक संख्याः ७३

आज मिति २०८२ मंसिर ३ गते बुधबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेबी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्न विषयमा छलफल गरियो ।

**उपस्थिती**

| सि.न. | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १) | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २) | नगर उप–प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३) | १ नं. का.बा.वडा अध्यक्ष | श्री कमला महरा दर्जी | |
| ४) | २ नं.वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५) | ३ नं.वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६) | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७) | ५ नं.वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८) | ६ नं.वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९) | ७ नं.वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १०) | ८ नं.वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११) | ९ नं.वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२) | १० नं.वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३) | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४) | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५) | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६) | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७) | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८) | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९) | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २०) | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | — |
| २१) | सदस्य सचिव (प्र.प.अ.) | श्री सागर मिश्र | |

CamScanner

**निर्णय नं.१-** यस भन्दा अघि भएको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो ।

**निर्णय नं.२-** चालु आ.ब. ०८२/८३ को स्वीकृत बार्षिक योजना बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा हालको विषम परिस्थितिमा संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम कटौती हुने सम्भावना देखिएको साथै नगरको आन्तरिक स्रोत समेत लक्ष्य अनुसार संकलन हुन सक्ने अवस्था नरहेकाले हाललाई वडाको स्वीकृत १ करोड बजेट मध्ये नेपाल सरकार, अर्थ मन्त्रालयको मिति २०८२।०६।०७ गतेको परिपत्र समेतका आधारमा प्रवर्द्धनात्मक र वितरणमुखी कार्यक्रमहरु कटौती गरी ८० प्रतिशत बजेट बराबरको योजना तथा कार्यक्रमहरु मात्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३-** विर्तामोड नगरपालिका क्षेत्रभित्र निर्माण सम्पन्न भएका तर घर नक्शा पास नभएका वा छुट भएका घर तथा भवन संरचनाहरुको नियमानुसारको शुल्क तथा जरिवाना लिई मिति २०८३ असार मसान्तसम्म अभिलेखिकरण गर्न म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.४-** बिर्तामोड नगरपालिकाको विद्ययेक समितिबाट छलफल भई आएका निम्न कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

निम्न

- बिर्ताबजार कृषि तथा सामुदायिक भवन सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२
- बिर्तामोड नगरपालिका धार्मिक तथा सामाजिक संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२
- सार्वजनिक निजी साझेदारी कार्यविधि २०८२

**निर्णय नं.५-** बिर्तामोड नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०८१।०४।३२, मिति २०८१।०७।२८, मिति २०८१।०९।२२, मिति २०८१।११।२५ तथा मिति २०८२।०२।१२ गतेको बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६-** मिति २०८२ भाद्र २३ र २४ गतेको आन्दोलनका क्रममा बिर्तामोड नगरपालिकाको कार्यालय, वडा कार्यालयहरु, दुर्गा माध्यमिक विद्यालय गरामनि, शहिद स्मारक गरामनि लगायत सार्वजनिक तथा निजी भवन, घरहरुमा तोडफोड आगजनी जस्ता आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिहरु उपर कानुनी कारबाहीका लागि फोटो, भिडियो, फुटेज जस्ता प्रमाणहरु संलग्न राखी इलाका प्रहरी कार्यालय बिर्तामोड र जिल्ला प्रशासन कार्यालय झापामा उजुरी पेश गर्ने निर्णय गरियो ।

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

पवित्रादेवी ...तारा प्रसाई
नगर प्रमुख

**निर्णय नं.७ -** विर्तामोड वडा नं ५ र अर्जुनधारा नगरपालिकाको सिमाना सडक निर्माण गर्न साझेदारी बापतको रकम बिर्तामोड नगरपालिकाको चालु आ.ब. ०८२/८३ को स्वीकृत बजेटमा बिनियोजित रु ५० लाख अर्जुनधारा नगरपालिकाबाटै अन्तिम लेखा परीक्षण हुने गरी अर्जुनधारा नगरपालिकाको खातामा बजेट अनुदान दिने निर्णय गरियो।

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

पवित्रादेवी हतारा प्रसाई
नगर प्रमुख

CamScanner